नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या :- ०८२/८३
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३६२

मिति :२०८२/०५/२२
ने.सं. ११४५, ञलाथ्व, आइतबार

विषयः राष्ट्रिय परिचयपत्र सम्बन्धी परिपत्र।

श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री इलाका प्रशासन कार्यालय, सबै।
श्री राष्ट्रिय परिचयपत्र इकाई, नारायणहिटी दरबार संग्राहलय परिसरसहित देशभरका सबै।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा ऐ. नियमावली, २०७७ बमोजिम राष्ट्रिय परिचयपत्रको लागि नेपाली नागरिकका वैयक्तिक तथा जैविक विवरण सङ्कलन गर्ने, सङ्कलित विवरण बमोजिमको कार्ड छपाई गरी वितरण गर्ने कार्य हाल तहाँमार्फत् सञ्चालन भईरहेको छ। हाल सम्म १ करोड ८५ लाख नागरिकका विवरणहरु राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा समावेश भैसकेको र करिब ७७ लाख कार्ड छपाई भई वितरण भईरहेको अवस्था छ।

राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७ कार्यान्वयनमा रहेको छ। तथापि, राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालनलाई थप व्यवस्थित र नागरिकमैत्री बनाउँदै गुनासोरहीत सेवा प्रवाह गर्न विभागमा विभिन्न माध्यमबाट प्राप्त गुनासो, पृष्ठपोषण र सुझावका आधारमा देहाय बमोजिमका विषयमा तपसिल बमोजिम गर्न यो परिपत्र गरिएको छ। सम्पूर्ण **विवरण दर्ता अपरेटर तथा रुजु अधिकारीले यसै परिपत्र बमोजिम प्रमुख जिल्ला अधिकारीको सुपरिवेक्षण तथा निर्देशनमा कार्य गर्नुहुन तथा प्रमुख जिल्ला अधिकारीले सो कार्यको सुनिश्चितता गरी** राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित सेवाको अभिभावकत्व ग्रहण गर्नुहुन अनुरोध छ ।

**तपसिलः**

१. सक्कल नागरिकता प्रमाणपत्र माग गरी सोमा भएको विवरण अनुसार मात्र राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्ने। नागरिकतामा पति/पत्नीको नाम उल्लेख भएको अवस्थामा सोही बमोजिम र सो नभएमा विवाहदर्ताको प्रमाणपत्रका आधारमा पति/पत्नीको नाम कायम गर्ने। व्यक्तिको बसाइसराई, सम्बन्ध विच्छेद प्रमाणपत्रका आधारमा विवरण अद्यावधिक गरिदिने तर व्यक्तिगत घटना दर्ता लागू हुनुभन्दा अघिका घटनाको हकमा सम्बन्धित स्थानीय तहबाट प्रमाणित कागजात राख्नु पर्ने। विवाह दर्ताका आधारमा विवाहित महिलाको ठेगाना कायम गर्दा प्रचलित कानून बमोजिम पतिको स्थायी ठेगाना राख्ने। निवेदकले पेश गरेका कागजातहरु स्क्यान (Scan) गरी प्रणालीमा अनिवार्य अपलोड गर्ने ।
२. राष्ट्रिय परिचयपत्रमा विवरण दर्ताका लागि सेवाग्राहीको फोटो खिच्दा स्पष्ट मुखाकृति र दुवै कान देखिने गरी फोटो खिच्नुपर्नेछ। फोटो खिच्दा सिन्दुर, टिका, राष्ट्रियता झल्कने टोपी, धार्मिक, सांस्कृतिक तथा जातीय पहिचान जनाउने पहिरन लगायत मुखाकृति नछेकिने गरी लगाउन बाधा पर्ने छैन।
३. अन्य जिल्लाका नागरिकहरुको लागि समेत तहाँ कार्यालयबाट राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवाहरु प्रदान गर्ने व्यवस्था मिलाउने।
४. व्यक्तिको नागरिकतामा केही विवरणहरु स्पष्ट नभएको खण्डमा CIMS/नागरिकताको अभिलेखबाट रुजु गरी विवरण दर्ताको व्यवस्था मिलाउने।


Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०० १४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

५. नागरिकता प्रमाणपत्रको जन्म मितिको महलमा वर्ष वा उमेर उल्लेख भएको अवस्थामा जारी मितिबाट घटाएर वर्ष, महिना र गते कायम गर्ने तर निवेदकले सो मितिको १ वर्ष भित्रको मिति खुल्ने राहदानी, शैक्षिक योग्यता, निवृत्तीभरण परिचयपत्र लगायतका सरकारी कागजात पेश गरेमा सो मिति कायम गर्ने। नाम थरको अङ्ग्रेजी हिज्जे नागरिकतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकाको हकमा राहदानी वा शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा कायम गर्ने।(थप जानकारीका लागि राष्ट्रिय परिचयपत्र वितरण कार्यविधिको दफा १० मा हेर्नुहुन ।)

६. आवेदकको विवरण दर्ता गर्दा Demographic Duplicate भएको अवस्थामा अफलाइनमा डाटा इन्ट्री गर्ने। यसरी इन्ट्री गर्दा प्रणालीबाट NIN जारी नहुने भएकोले विवरण दर्ता अपरेटरले सोही अनुसारको Comment अनिवार्य प्रविष्टि गर्ने । More Verification पश्चात मात्र NIN जारी हुने भएकोले सम्बन्धित नागरिकलाई सामान्यतया ३ दिनभित्र आवेदनमा उल्लेख भएको मोबाइल नं. मा NIN प्राप्त हुने तर ३ दिनभित्र पनि NIN प्राप्त नभएमा Citizen Portal, SMS सेवा मार्फत आवेदन नं. को आधारमा NIN प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउने ।

७. वि.सं. २०८० माघ पछि जन्मदर्ता गरेका, प्रतिलिपी लिएका नागरिकको हकमा सो जन्मदर्तामा NIN हुने भएकोले सो पेश गर्न लगाई With NIN Process बाट विवरण दर्ता गर्ने ।

८. राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको NIN Consultation, Citizen Portal संग सम्बन्धित सेवाहरु तहाँ इकाइबाट नै गर्ने। सेवाग्राहीलाई सहजीकरण नगरी Call Center को सम्पर्क नम्बर दिने काम तत्काल बन्द गर्ने ।तहाँबाट नहुने/गर्न नसकिने कार्यका लागि मात्र आवश्यकतानुसार विभागको प्राविधिक टोलीसँग समन्वय गरी आवश्यक सहजीकरण गर्ने ।

९. राष्ट्रिय परिचयपत्र सेवालाई थप सहज र नागरिकमैत्री बनाउने क्रममा विभागबाट मात्र हुँदै आएको राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्ने (Citizens Data Update) व्यवस्था जिल्लाबाटै शुरू गरिएकोले यसको प्रयोग गरी नागरिकका त्रुटीपूर्ण विवरण सच्याउँदा नागरिकता, घटनादर्ता प्रमाण वा राहदानी वा निवृत्तिभरण अधिकारपत्र लगायतका आधिकारिक कागजातका आधारमा एक पटक मात्र गर्न सकिने हुँदा सही विवरण यकीन गरेर मात्र गर्ने व्यवस्था मिलाउने तथा सोको निर्णय समेत प्रणालीमा अपलोड गर्ने। तथा नागरिकता लगायतका अन्य कागजातहरु पुन प्रणालीमा अपलोड गर्न नपर्ने।

१०. नेपाल राजपत्रको २०८१ असार १० को सूचना अनुरूप बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, असहाय, वा नब्बे वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभएता पनि सेवा लिन बाधा पर्ने छैन् भनी उल्लेखित भएकोले सो बमोजिम उपरोक्त अवस्थाका नागरिकलाई सेवा प्रवाहमा सहजीकरण गर्ने, सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने गराउने व्यवस्था मिलाउने।

११. तहाँ कार्यालयमा विवरण दर्ता गराई NIN progress मा रहेका आवेदनको हकमा सेवाग्राहीको विवरण साप्ताहिक रुपमा NIN No, Request No, Father Name, Date of Birth, Citizenship No, Issue date सहितको Excel File बनाई इमेल ठेगाना nid@donidcr.gov.np मा पठाउने।

१२. प्रणालीमा प्राविधिक समस्या उत्पन्न भएको अवस्थामा तहाँ इकाइको Network, Computer मा जडान भएका उपकरणको अवस्था जाँच गरी System Online नभएको अवस्थामा Offline बाट विवरण दर्ता गर्ने । Offline विवरण दर्ता गर्दा Pre-Enrollment फाराममा भएको QR Code लाई QR Code Reader ले स्क्यान गरी Populate भएको विवरणको आधारमा दर्ता प्रकृया अगाडी बढाउने । सो कार्यका लागि आवश्यक QR Code Device विभागबाट पठाउने कार्य समेत भइरहेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

१३. राष्ट्रिय परिचयपत्रको कार्ड लिन आउँदा सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने भएकोले निजले आवेदन फारम वा नागरिकता वा मोबाइल एसएमएस वा अन्य परिचयपत्र देखाएमा सोही आधारमा प्रणालामा देखिने फोटो तथा बायोमेट्रिक रुजु गरी कार्ड जारी गर्ने ।

१४. तहाँ जिल्लाको परिचयपत्र इकाईको अस्थायी स्टेशनमा कार्यरत विवरण दर्ता अपरेटर/सहयोगीको हाजिर महिनाको अन्तिम दिन अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने।

१५. सेवाग्राहीलाई शिष्ट र सहयोगी व्यवहारसहित सहज सेवा उपलब्ध गराउने तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला एवम् विशेष अवस्थाका नागरिकहरूलाई प्राथमिकतासाथ सेवा प्रवाह गर्ने।

१६. विवरण दर्ता गरेको व्यक्तिको परिचय नं. निजको मोबाइलमा विवरण दर्ता गरेको १ दिनभित्र आउने भएकोले आफ्नो मोबाइलमा SMS प्राप्त वा Citizen Portal बाट आवेदन स्वीकृत भएको यकिन गरी मात्र राहदानी, बैंक, सामाजिक सुरक्षा लगायतका सेवा प्राप्त गर्न सकिने जानकारी गराउने साथै विवरण दर्ता भएको व्यक्तिको भोलिपल्ट मात्र Citizen Portal मा देखाउने जानकारी गराउने ।

१७. यस विभागबाट सबै जिल्ला प्रशासन तथा ईलाका प्रशासन कार्यालयलाई मर्मत सम्भार, स्टेशनरी, अनुगमन लगायतका विविध शिर्षकमा बजेट पठाइएकोले सामान्य मर्मत लगायतका कार्य त्यहींबाट गर्ने ।

१८. विवरण दर्ता अपरेटरले आफूले दर्ता गरेको विवरणहरु केन्द्रिय प्रणालीमा पठाएको विवरणहरु File Management मा अनिवार्य रुपमा दैनिक जाँच गरी Send भएको सुनिश्चित गर्ने ।

१९. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को परिच्छेद ६ अन्तर्गत दफा ४१ उपदफा (१) बमोजिम राष्ट्रिय परिचयपत्र सम्बन्धी कसूर गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्ने, गराउने व्यवस्था सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूले मिलाउने।

(युवराज कटेल)
महानिर्देशक

**सादर अवगतार्थ:**

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय, सिंहदरबार।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np